DeKalb County School District (DCSD) का परिवारलाई अभिवादन,

मैले आशा गरेको छु कि सबैजनाले सुरक्षित र खुसी साथ सप्ताहन्त बिताउनुभयो। मङ्गलबार, नोभेम्बर 2, 2021, मतदान दिवस हो। DeKalb काउन्टीका मतदाताहरूलाई E-SPLOST (Education Special Purpose Local Option Sales Tax) को पक्ष र विपक्षमा मतदान गर्न लगाइनेछ, जसले DeKalb काउन्टीमा खरिद गरिएका वस्तुहरू तथा सेवाहरूमा एक प्रतिशत खरिद तथा प्रयोग कर लगाउनेछ। प्रत्येक पाँच वर्षमा, DCSD ले राज्यद्वारा निर्देशित प्रक्रियाको हिस्साको रूपमा पुँजीगत परियोजनाहरू पहिचान गर्नका साथै त्यस्ता परियोजनाहरूको अनुमानित लागत पत्ता लगाउन सहयोग गर्न आफ्ना आवश्यकताहरू पुनर्मूल्याङ्कन गर्छ। DCSD ले ती पुँजीगत परियोजनाहरूका लागि सम्भावित श्रोतहरू पनि पहिचान गर्नु पर्दछ।

मतदाताहरूले E-SPLOST अनुमोदन गरेको खण्डमा, एक प्रतिशत बिक्री कर पाँच वर्षसम्म कार्यान्वयनमा रहनेछ। यो डिस्ट्रिक्टका लागि E-SPLOST को छैठौँ निरन्तरता हुनेछ। E-SPLOST को V (पाँचौं) कोश सङ्कलन जुलाई 2017 देखि जून 2022 सम्म चल्नेछ। E-SPLOST को VI (छैठौँ) कोश सङ्कलन जुलाई 2022 देखि जून 2027 सम्म चल्नेछ। DCSD ले अनुमान गरेको छ कि यो करले $660 मिलियन देखि $700 मिलियन बराबरको राजस्व तथा कोश उठाउनेछ र उक्त रकम विद्यालय सुधार तथा कार्यक्रम सुधार परियोजनाहरूमा प्रयोग गरिनेछ।

E-SPLOST र प्रस्तावित परियोजनाहरूको बारेमा थप जानकारी हासिल गर्न म मतदाताहरूलाई E-SPLOST को वेबसाइट हेर्ने सुझाव दिन्छु। DCSD पारदर्शिता प्रति प्रतिबद्ध छ, र हामी मतदाताहरूले मतदान स्थलमा जानु अगाडि आवश्यक सबै जानकारी प्राप्त गरुन् भन्ने चाहन्छौं।

## विद्यार्थी चर्चा

यो हप्ता, म Redan High School की ग्रेड 12 की विद्यार्थी Paris-Angeliqua Hall को बारेमा चर्चा गर्न गइरहेको छु। यी सानी केटी प्रतिभाशाली विद्यार्थी हुन्। उनले 4.1 GPA प्राप्त गरेकी छिन्! उनी Future Business Leaders of America (FBLA) को सदस्य हुन् र विभागीय कोषाध्यक्षको रूपमा काम गर्छिन्। उनी DeKalb County Youth Commission तथा Morehouse School of Medicine High School Community Health Worker Program को पनि सदस्य हुन्। खाली समयमा, उनलाई नर्सिङ होममा रहेका मानिसहरूलाई चिठ्ठी लेख्न र यौन हिंसा तथा यौन बेचबिखनबाट बाँचेका मानिसहरूका लागि उपचार प्याकेज बनाउन मन पर्छ। उनी उत्कृष्ट विद्यार्थी हुन्, र म यी उत्कृष्ट विद्यार्थीको लोकप्रियताको बारेमा जानकारी गराउन पाउँदा अत्यन्तै खुसी छु।

## टोली प्रति समर्पित मङ्गलबार (Team Tuesday)

हत हप्ताको #TeamTuesday का लागि, मैले जनस्वास्थ्य सुरक्षा विभागका कार्यकारी निर्देशक Chief Bradley Gober लाई विशेष धन्यवाद दिए। DCSD मा 20 वर्ष भन्दा बढी समयको सुरक्षा सेवासम्बन्धी अनुभव ल्याएर , Chief Gober हाम्रा विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्ने कुरामा चाहिएको भन्दा धेरै राम्रो गर्नुभएको छ। हाम्रो समुदायमा तपाईंको समर्पण र सेवाको लागि तपाईंलाई धन्यवाद!

## कोभिडको परीक्षण तथा खोप

DCSD ले कर्मचारी, विद्यार्थीहरू र समुदायका लागि मासिक रूपमा कोभिड-19 परीक्षण र खोप क्लिनिक आयोजना गर्नेछ। हरेक उमेरका लागि निःशुल्क खोपहरू र परीक्षण उपलब्ध हुने छन्। अर्को निर्धारित कार्यक्रम Administrative & Instructional Complex, 1701 Mountain Industrial Blvd, Stone Mountain, GA मा नोभेम्बर 19 शुक्रवारको दिन बिहान 8:30 बजेदेखि दिउँसो 1:30 बजेसम्म सञ्चालन हुनेछ। कोभिड-19 परीक्षण Doraville यातायात केन्द्र, DCSD यातायात विभाग र Panthersville यातायात केन्द्रमा पनि उपलब्ध छ। थप जानकारीका लागि, www.freecovidtesting.us/dekalb भ्रमण गर्नुहोला।

## आधिकारिक मान्यताको सामुदायिक सर्वेक्षण

DCSD हाल आधिकारिक मान्यता नवीकरण गर्ने प्रक्रियामा छ। यो प्रक्रियाको भाग भनेको सरोकारवालाहरूसँग प्रतिक्रिया सङ्कलन गर्नु हो। हामी तपाईंलाई परिवार तथा समुदाय सरोकारवाला सर्वेक्षणमा सहभागी हुन निमन्त्रणा दिन्छौं। अन्य सरोकारवालाका कलाकृतिहरूसँगै यो सर्वेक्षणका नतिजाहरू डिस्ट्रिक्टको आधिकारिक मान्यता नवीकरण प्रक्रियामा प्रयोग गरिने छ।

परिवार तथा समुदाय सरोकारवाला सर्वेक्षण निम्न भाषाहरूमा उपलब्ध छ: अमहारिक, अरबी, बेङ्गाली, बर्मेली, चिनियाँ, अङ्ग्रेजी, फ्रेन्च, हिन्दी, नेपाली, सोमाली, स्पेनिश, स्वाहिली, तेलुगु, तिग्रिन्या र भियतनामी। यो सर्वेक्षण गोप्य रहने छ र पूरा गर्न लगभग 10 मिनेट लाग्ने छ। तपाईं निम्न लिङ्कमा सर्वेक्षण पहुँच गर्न सक्नुहुन्छ: https://survey.sogosurvey.com/r/eY7O00

## बृहत् गुरुयोजना

म बृहत् गुरुयोजना (Comprehensive Master Plan वा CMP) को क्षेत्रीय टाउन हल बैठकमा उपस्थित भएका व्यक्तिहरूलाई धन्यवाद दिन चाहन्छु। मैले आशा गरेको छु की CMP प्रक्रियाले हाम्रो वृहत् सरोकारवाला समूहको माझमा हामीलाई विश्राम तथा पारदर्शिता निर्माण गर्न सहयोग गर्न हामीलाई सहयोग गर्नेछ। कृपया, अघिल्ला बैठकहरूको रेकर्डिङ हेर्न यहाँ क्लिक गर्नुहोस्। साथै, CMP का सरोकारवालाहरूको प्रतिक्रिया प्राप्त गर्ने सर्वेक्षण पूरा गर्न कृपया यहाँ क्लिक गर्नुहोस्। हामी डिस्ट्रिक्टको रूपमा निरन्तर रूपमा अगाडि बढ्ने छौं!

कृपया डिस्ट्रिक्ट समाचारबारे नवीनतम जानकारीका लागि हाम्रो वेबसाइट र तपाईंको विद्यालयको वेबसाइट भिजिट गर्न जारी राख्नुहोस्। तपाईंको सप्ताह राम्रोसँग बितोस्!

भवदीय,

सुश्री Cheryl Watson-Harris